जिल्ला विपद् व्यवस्थापन समिति
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना

## २०७९

## नवलपरासी (वर्दघाट सुस्ता पूर्व)



## जिल्ला प्रशासन कार्यालय

नवलपरासी (वर्दघाट सुस्ता पूर्व)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती

०७८-५४०७९९
०७८-५४०६१७
Email: cdonawalpur2074@gmail.com

पत्र संख्या : ०७८/७९ मिति : २०७९।०२।२५

## भूमिका

विपद्को दृष्टिले नेपाल उच्च जोखिममा रहेको मुलुकमा पर्दछ ।यस मुलुकमा प्रत्येक वर्ष भुकम्प, बाढी, पहिरो, महामारी, आगलागी, हुरीवतास जस्ता घटनाहरूबाट ठूलो मात्रामा जनधनको क्षति भइरहेको छ । यहाँको कमजोर भू-बनावट, मौसम परिवर्तन, प्राकृतिक श्रोतको अत्यधिक दोहन, जनसंख्या बृद्धि, बसाईसराई र जनचेतनाको कमीले विपद्का घटनाहरू दिनानुदिन बढिरहेको छ ।

विपद्को कारण हुने मानवीय, भौतिक र आर्थिक क्षतिको मात्रालाई कम गर्न विपद पूर्वतयारीका गतिविधिहरू सञ्चालन गर्न र विपद् पछिको प्रभावकारी प्रतिकार्यका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना हुनु जरूरी हुन्छ। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला संकटासन्नताको हिसावले बाढी तथा पहिरोको उच्च जोखीममा रहेको जिल्ला हो । मनसुन सुरु भएको आवस्थामा जिल्लामा सम्भावित विपद्को जोखिम कम गर्नको लागि विशेष तयारी आवश्यक पर्दछ । नितीगत व्यवस्था भए अनुरुप जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९ को पुरक योजना स्वरुप जिल्ला स्तरीय मनसुन पूर्व तयारी योजना, २०७९ तयार गरी जिल्ला विपद् व्यवस्थापन समितिबाट मिति २०७९।०२।२५ मा स्वीकृत भएको छ ।

जिल्लामा उपलब्ध भौतिक तथा मानवीय स्रोत साधनको अधिकतम उपयोग गरी विपद्को समयमा तत्काल खोज तथा उद्धार, राहत व्यवस्थापन र सरोकारवाला निकाय बिच समन्वयकारी भूमिका निर्वाह गर्नकालागि यस योजनाले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु । मनसुनजन्य विपद् पूर्वतयारीका कार्य गरी जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न जिल्ला विपद् व्यस्थापन समिति, जिल्ला समन्वय समिति, नगरपालिका, गाँउपालिका, सुरक्षा निकाय लयायतका सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरूका लागि आपसी समन्वय मार्फत विपद् व्यवस्थापन गर्नका लागि यो योजनालाई अद्यावधिक गरिएको छ । विभिन्न ७ खण्डमा क्रियाकलापगत पक्षहरु समावेश गरी प्रस्तुत गरिएको यस योजनाको कार्यान्वयनमा जिल्लामा रहेका ८ वटा क्षेत्रगत समूह मार्फत विपद् पूर्वतयारी र प्रतिकार्यका कार्यहरू थालनी भई सहयोग पुग्नेछ भन्ने आशा तथा विश्वास लिएको छु । साथै विपद् व्यवस्थापनका क्षेत्रमा क्रियाशील सरकारी निकाय, सुरक्षा निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू वीच आपसी सम्वन्ध स्थापित गरी सहकार्य, कार्यगत एकता र एकरूपताबाट विपद् पूर्वतयारी तथा प्रतिकार्यका गतिविधि सञ्चालन गर्न यो योजना जिल्लाकै महत्वपूर्ण दस्तावेजको रूपमा रहने आशा गरेको छु ।

यस कार्यमा सहयोग एवं समन्वय गर्ने जिल्ला अगुवा सहयोगी संस्था (District Lead Agency/DLSA) सहमति गैंडाकोट र नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा, सवै क्षेत्रगत निकाय, सुरक्षा निकायहरू, स्थानीय तह, जिल्ला प्रशासन कार्यालयका सम्वन्धित कर्मचारीहरु, जिल्ला समन्वय समिति लगायत सहयोग गर्नुहुने सम्पूर्ण निकाय, संस्था एवं कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दै हामी सबैको साथ, सहयोग र साझा प्रयासबाट मात्र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न सकिने भएकोले थप सहकार्य र सुझावको अपेक्षा राखेको छु । साथै यस योजना कार्यान्वयनको लागि प्रतिवद्धता र शुभकामना समेत व्यक्त गर्दछु । धन्यवाद ।

(सुमन घिमिरे)
प्रमुख जिल्ला अधिकारी

# विषय सूची

पेज नं.

**भाग–१**

१. परिचय ५
१.१ पृष्ठभूमी ५
१.१.१ योजनाको परिचय ५
१.२ भौगोलिक विवरण ६
१.३ जलवायु र हावापानी ६
१.४ जनसंख्या ६
१.५ राजनैतिक र प्रशासनिक विभाजन ६
१.६ शिक्षण संस्था ६
१.७ स्वास्थ्य सेवा ७
१.८ यस बर्षको मौसम पूवानुमान ७

**भाग–२**

**उद्धेश्य तथा कार्य संचालन सन्दर्भ**

२.१ मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाको साधारण उद्धेश्य ८
२.२ मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य ८
२.३ जिल्लामा वाढीले बिगतमा पुर्‍याएको क्षतिको अवस्था ८
२.३ कार्य संचालन सन्दर्भ ८

**भाग–३**

**जिल्लामा मनसुन तथा कोरोना विपद् जोखिमको विश्लेषण**

३.१.२ उच्च संकटासन्न अवस्थामा रहेका गाउँपालिका तथा नगरपालिकाहरु १०
३.१.२ मध्यम संकटासन्न अवस्थामा रहेका गाउँपालिका तथा नगरपालिकाहरु १०
३.१.३ न्यून संकटासन्न अवस्थामा रहेका गाउँपालिका तथा नगरपालिकाहरु ११
३.२ कोभिड –१९को सन्दर्भ ११
३.३ कोरोनाले समुदायमा पुर्‍याउन सक्ने क्षतिको सम्भावना ११
३.४ जिल्लामा कोभिड–१९को अवस्था र रोकथाम तथा नियन्त्रणका प्रयासहरु ११

**भाग–४**

**जिल्लास्थित श्रोत साधनको आकलन रआपतकालिन कार्य योजना**

४.१ जिल्ला तहमा उपलब्ध हुनसक्ने श्रोतहरुको विवरण १२
४.२ मनसुन तथा कोरोना आपतकालिन कार्य योजना १३
४.३ मनसुन आपतकालिन कार्ययोजना १४
४.४ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको ढाँचा १७
४.४.१ पहिलो तह बाढी पूर्व १७
४.४.२ दोश्रो तहः बाढी गएको अवस्था १८
४.४.३ तेश्रो तहः बाढी पछि (राहत, पुर्नस्थापना तथा व्यवस्थापन) १८
४.५ समन्वयात्मक व्यवस्थापकीय तयारी १९

## भाग-५
## बिषगत क्षेत्रका अगुवाहरुको विवरण


५.१ मनसुन पूर्व तयारी प्राथमिकता २०


## भाग-६
## मनसुन तथा कोरोना पूर्व तयारी तथा प्रतिकार्य संरचनाहरू


६.१ जिल्ला विपद् व्यवस्थापन समितिको संरचना २२
६.१.१ जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार २२
६.२ स्थानीय विपद् व्यवस्थापन समितिको संरचना २३
६.२.१ स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार २३
६.३ विषयगत अगुवा संस्थाको जिम्मेवारी र कार्यशर्तहरु २३
६.३.१ अगुवा संस्थाको कार्यक्षेत्र २३
६.४ समन्वय तथा व्यवस्थापन २३


## खण्ड-७
## अनुसूचीहरू


अनुसूची १: समन्वय तथा सूचना व्यवस्थापन क्षेत्रसम्पर्क व्यक्ति तथा संस्थाको विवरण २५
अनुसूची २ : खोज, उद्धार तथा राहत क्षेत्रसम्पर्क व्यक्ति तथा संस्थाको विवरण
जिल्ला स्थित नेपाली सेना, गण, व्यारेक, गुल्म र सुरक्षा वेशहरुको विवरण २५
अनुसूची ३ : खाद्य व्यवस्थापन क्षेत्रसम्पर्क व्यक्ति तथा संस्थाको विवरण २६
अनुसूची ४ : आवास तथा गैर खाद्य सामाग्री क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण २७
अनुसूची ५ : खानेपानी तथा सरसफाइ क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण २७
अनुसूची ६ : स्वास्थ्य तथा पोषण क्षेत्रको सम्पर्क व्यक्ति, संस्थाको विवरण २८
अनुसूची७ : शिक्षा क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण २८
अनुसूची ८ : संरक्षण क्षेत्रको सम्पर्क व्यक्ति तथा संस्थाको विवरण २९
अनुसूची ९: नगर/गाँउ पालिका प्रमुख/अध्यक्ष तथा प्रमुख प्रशासकिय अधिकृतको सम्पर्क सूची २९
अनुसूची १० : जिल्ला स्थित राष्ट्रिय राजनैतिक दलहरुको सम्पर्क सूचि ३०
अनुसूची ११ स्वास्थ्य क्षेत्रको सम्पर्क सूची ३०
अनुसूची १२: जिल्लामा सञ्चालित एम्वुलेन्सहरुको सम्पर्क सूची ३१
अनुसूची १३ आश्रय स्थल वा आइसोलेसन सेन्टरकोलागि उपयोगमा ल्याउन सक्ने विद्यालयहरुको सम्पर्क सूची ३४
सन्दर्भ सामाग्रीहरु ३४

# शब्द संक्षेप

| | | |
|---|---|---|
| १ | उ.वा.सं | उद्योग वाणिज्य संघ |
| २ | कृ.ज्ञा.के. | कृषि ज्ञान केन्द्र |
| ३ | गा.पा. | गाउँपालिका |
| ४ | ज.उ.प.नि.वि. | जल उत्पन्न प्रकोप नियन्त्रण बिभाग |
| ५ | स्वा.का. | स्वास्थ्य कार्यालय |
| ६ | जि.वि ब्य.स. | जिल्ला विपद् व्यवस्थापन समिति |
| ७ | जि.स.स | जिल्ला समन्वय समिति |
| ८ | भेटरनरी अस्पताल | भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र |
| ९ | न.पा. | नगरपालिका |
| १० | ने.रे.सो. | नेपाल रेडक्रस सोसाइटी |
| ११ | ने. से. | नेपाली सेना |
| १२ | ने.प.म.सं. | नेपाल पत्रकार महासंघ |
| १३ | पू.वि.का. | पूर्वाधार विकास कार्यालय |
| १४ | प्र.जि.अ. | प्रमुख जिल्ला अधिकारी |
| १५ | रा/अ.गै.स.स. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था |
| १६ | रा.द. | राजनैतिक दल |
| १७ | ने.प्र. | नेपाल प्रहरी |
| १८ | स.प्र.ब. | सशस्त्र प्रहरी बल |
| १९ | शि.वि.स.ई. | शिक्षा बिकास तथा समन्वय इकाई |
| २० | DEOC | District Emergency Operation Center |
| २१ | DLSA | District Lead Support Agency |
| २२ | LEOC | Local Emergency Operation Center |
| २३ | NEOC | National Emergency OperationCenter |

भाग–१

# परिचय

## १.१. पृष्ठभूमि

**नवलपरासी (बर्दघाट– सुस्ता पूर्व) जिल्लाको संक्षिप्त परिचयः**

नवलपरासी (बर्दघाट–सुस्ता पूर्व) जिल्ला गण्डकी प्रदेस अन्तर्गत पर्ने ११ वटा जिल्ला मध्येको एक जिल्ला हो । यो जिल्ला नेपालको संबिधान (२०७२) मा साविकको नवलपरासी जिल्लालाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को नामाकरण भई छुट्टै जिल्लाको रुपमा अनुसूचीमा उल्लेख भए बमोजिमको रहेको छ । यस जिल्लाको भूबनोटमा बिबिधता रहेको छ । जिल्लामा पाहाडी, भित्रि मधेश र तराई क्षेत्र रहेको छ । पूर्व-पश्चिम राजमार्गको ७० कि.मी. क्षेत्र यस जिल्लामा पर्दछ । चितवन राष्ट्रिय निकुञ्ज, नारायणी नदी, जैविक विविधता, औद्योगिक अवस्था, धार्मिक पर्यटकीय स्थल, भौगोलिक र धार्मिक विविधताको कारणले यस जिल्लाको चिनारी प्रदान गरेको छ । यस जिल्लाको उत्तर, पूर्व र दक्षिण भागमा कालिगण्डकी र नारायणी नदीले घेरीएको छ । जिल्लाका पाहाडी क्षेत्रमा विशेषत स्थानीय खोला तथा खहरेको कारणले मनसुनको समयमा जोखीम रहने गरेको छ । नवलपरासी वर्दघाटमा सुस्तापूर्वमा विगतमा घटेका घटनाहरुको घटनाक्रम यस प्रकार रहेको छ ।

| साल | विपद्को प्रकार | प्रभावित क्षेत्र | क्षतिको विवरण |
|---|---|---|---|
| वि.स.२०५८ | बाढी र डुवान | साविक नारायणी परसौनी, गाविस र कोलुवा गाविस हालको मध्यविन्दु ३,४,६ र १५ वडाहरु | १ मुत्यु, जनधनको क्षति, करिव १२०० घरहरु विस्तावित |
| वि.स. २०६२ | बाढी र डुवान | साविक नारायणी गाविस, परसौनी, गाविस र कोलुवा - हालको मध्यविन्दु ३,४,६, १५ बडाहरु | आर्थिक क्षति र जमिन कटान |
| वि.स. २०७७ | हावाहुरी | कावासाती र गैडाकोट | घर तथा विद्यालयमा क्षतिमा २०० घरहरु जति आशिक प्रभावित |
| वि.स. २०७६ | कोभिड १९ | जिल्ला भरि | १८० जनाको मुत्यु |
| वि.स. २०७८ | बाढी र पहिरो | हुप्सेकोट गा.पा.र जिल्ला भरि | ३ मुत्यु, विस्थापित परिवार : ६४ आशिंक परिवार : ८० घरहरु क्षति |

### १.१.१ योजनाको परिचय

वर्तमान समयमा विपद्को सामना गर्ने क्षमताको विकास राष्ट्रिय र स्थानीय आवश्यकताको रूपमा देखा परेको छ। राष्ट्रिय स्तरमा विपद्को सामना गर्ने क्षमताको विकासका साथ साथै स्थानीय निकायका समस्यालाई प्रभावकारी रूपमा सम्बोधन गर्ने प्रयास भइरहेको छ। सरकारबाट प्रारम्भ भएका विपद् जोखिम न्यूनिकरणका प्रयासलाई सघाउनु र विकास प्रक्रियामा सबै सरोकारवालाहरुसँग सहकार्य गर्नु पर्ने आजको आवश्यकता देखिएको छ।

नवलपरासी वर्दघाट सुस्ता पूर्व जिल्लामा जिल्ला विपद् व्यवस्थापन समितिको पहलमा विभिन्न सरोकारवालाहरुसँगको अन्तरक्रिया मार्फत २०७८ सालमा निर्माण गरिएको योजनालाई परिमार्जन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउनका लागि मिति २०७९ साल जेष्ठ १९ गते मा जिल्ला विपद् व्यवस्थापन समिति नवलपरासी वर्दघाट सुस्ता पूर्वको बैठकले सरोकारवालाहरुको बैठक सम्पन्न भई आवश्यकता अनुसार परिमार्जनको विषयमा छलफल र सुझाव समेत समाबेस गरि जिल्ल विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७९ योजनालाई अनुमोदन गरी कार्यन्वयनमा ल्याएको छ। सोही योजनाको पुरक योजनाको रुपमा यस योजनाको निर्माण गरी मिति २०७९ जेष्ठ २५ को जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले यस मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

## १.२ भौगोलिक विवरणः

यो जिल्लामा भौगोलिक विविधता रहेको छ। मुख्यतय ३ प्रकारको पाहाडी, भित्रि मधेश र समथर तराई भूगोल रहेको छ। जिल्लको सिमाना–पूर्वमा चितवन, पश्चिममा नवलपरासी (बर्दघाट–सुस्ता पशिचम),उत्तरमा पाल्पा र तनहुँ र दक्षिणमा चितवन र भारत सम्म रहेको छ। जम्मा क्षेत्रफाल क्षेत्रफलः–१,३३१.१६ बर्गकिमि रहेको यस जिल्लामा मुख्य नदीहरुमा काली गण्डकी नारायणी नदी रहेका छन् भने प्रमुख खोलाहरुमा झरही, गिरीवारी, कावासोति र विनयी रहेका छन्। यस जिल्लाको सबै भन्दा अग्लो भूभाग– देवचुली (१९३६ मिटर) हो।

## १.३ जलवायु र हावापानी

यस जिल्लाको जलवायु र हावापानी मूख्यतय उष्ण हावापानी, समशितोष्ण हावापानी र शितोष्ण हावापानी गरि तिन प्रकारका रहने गरेको छ। बे अफ बंगाल बाट मनसुन उत्पन्न भई मध्य जुन सम्ममा नेपालको पूर्वी भाग हुदै यस जिल्लामा पनि मनसुनी वर्षा शुरु हुन्छ र सेप्टेम्बर महिना सम्म सक्रिय रहन्छ। बार्षिक औसत तापकम अधिकतम ४५°C र न्युनतम तापकम २०° C हुन्छ।

## १.४ जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार यस जिल्लामा ३,८१,१०५ जनसंख्या रहेको छ। जसमध्ये महिलाको संख्या २०१६५९ र पुरुषको संख्या १७९४४६ रहेको छ। नवलपरासी जिल्लामा नेपालको जनगणना २०७८को प्रारम्भिक नतिजको आधारमा हेर्दा तपसिल अनुसार रहेको छ।

| स्थानीय तह | घर संख्या | परिवार संख्या | पुरुषका | महिला | जम्मा |
|---|---|---|---|---|---|
| गैंडाकोट नगरपालिका | १७१५१ | २०७०१ | ३८७२५ | ४२०१२ | ८०७३७ |
| देवचुली नगरपालिका | १३१२७ | १४८३६ | २८१३३ | ३१२६७ | ५९४०० |
| कावासोतीनगरपालिका | १९५६८ | २२१८४ | ४०८९० | ४६२८६ | ८७१७६ |
| मध्येविन्दु नगरपालिका | १४३४५ | १५५४९ | २८२९१ | ३२२५७ | ६१५४८ |
| विनयी त्रिबेणी गाँउपालिका | ८६५१ | ९३४६ | १८६६४ | २०२५३ | ३९२०१ |
| हुप्सेकोट गाँउपालिका | ५८६५ | ६२५० | १२३४६ | २०५३७ | २८८६१ |
| बुलिङ्गटार गाँउपालिका | ३३०५ | ३५६९ | १२३४६ | १४५१५ | १४५९६ |
| बौदिकालीगाँउपालिका | २६७६ | २९१४ | ५१६४ | ६१७५ | ११३३९ |
| **जम्मा** | | | **१७९४४६** | **२०१६५९** | **३,८१,१०५** |

श्रोत : जनगणना २०७८

## १.५ राजनैतिक र प्रशासनिक बिभाजन

क. स्थानीय तहः–८

ख. नगरपालिकाः–४ (गैंडाकोट,देवचुली, कावासोती र मध्यबिन्दु)

ग. गाउँपालिकाः–४ (बौदिकाली, हुप्सेकोट, बुलिङटार र बिनयी-त्रिवेणी)

ग. प्रतिनिधि सभाः-२

घ. प्रदेस सभाः-४

## १.६ शिक्षण संस्था

क. क्याम्पसः-२२

ख. सामुदायिक बिद्यालयः-३११

ग. संस्थागत बिद्यालयः-९३

घ. मदरसाः-१

ङ गुम्बाः-१

च. गुरुकुलः-३

छ. प्राविधिक शिक्षालयः-९

ज. बिशेष कक्षाः-७

## १.७ स्वास्थ्य सेवाको अवस्थाः–

क. अस्पतालः- १ (मध्यबिन्दु जिल्ला अस्पताल)

ख. स्वास्थ्य कार्यालयः-१ ( जिल्ला स्वास्थ्य कार्यालय)

ग. प्राथमिक स्वास्थ्य केन्द्रः- ५

घ. स्वास्थ्य चौकीः-३३

ङ शहरी स्वास्थ्य केन्द्रः- १


च. आयुर्बेद स्वास्थ्य केन्द्रः- १

छ. आयुर्बेद औषधालयः-३

ज. प्राकृतिक चिकित्सालयः–१

## १.८ यस वर्षको मौसम पूर्वानुमानः–

आगामी २०७८ को मनसुन अवधिमा सुदूरपश्चिम, कर्णाली, गण्डकी र बागमती प्रदेशका अधिकांश स्थानहरुमा तथा प्रदेश नं १ को मध्य तथा पश्चिम पहाडी र हिमाली भू-भागहरुमा सरदर भन्दा बढी बर्षा हुने सम्भावना ३५-६५% (हिमाली भू-भागहरुमा ५५-६५%, उच्च पहाडी भू-भागहरुमा ४५-५५% र चुरे तथा महाभारत क्षेत्रमा ३५-४५%) आँकलन गरिएको छ। त्यसैगरी लुम्बिनी, गण्डकी र बागमती प्रदेशको तराई र प्रदेश नं २ को पश्चिमी भू-भागहरुमा सरदर बर्षा हुने सम्भावना ३५-४५%, र प्रदेश नं १ को तराई र प्रदेश नं २ का पूर्वी जिल्लाहरुमा सरदर भन्दा कम बर्षा हुने सम्भावना ३५-४५% आँकलन गरिएको छ ।




सूचनाको श्रोत : *www.hydrology.gov.np*

यस आँकलन जल तथा मौसम विज्ञान विभागको मनसुनी वर्षा आँकलन गर्ने प्रारुप र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चले सार्वजनिक गरेको दक्षिण एसियाको आगामी मनसुनी वर्षाको आँकलनको आधारमा तयार गरिएको हो । सामान्य तया सरदर वर्षा (Normal Rainfall) भन्नाले कुनै स्थानको लामो समय (सन् १९८१-२०१०) को ३४ देखि ६७ प्रतिशतको वर्षालाई जनाउँदछ भने सरदरभन्दा कम र वढीको वर्षा भन्नाले क्रमशः ३४ प्रतिशत भन्दा कम र ६७ प्रतिशत भन्दा वढीको वर्षालाई जनाउँदछ ।

बाढी पूर्वानुमान बुलेटिन यस वर्ष विभागको वेभसाइट www.hydrology.gov.np मा हेर्न सकिने छ । बिभागको फेसबुक पेज Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्न सकिने छ ।

भाग–२

# उद्धेश्य तथा कार्यसंचालन सन्दर्भ

मनसुनको कारण नवलपरासी (बर्दघाट–सुस्ता पूर्व) जिल्लामा बिभिन्नघटनाहरु भएपनि जिल्लाको माथिल्लो क्षेत्र पहिरो तथा तल्लो क्षेत्र बाढीको उच्च जोखीममा रहेको छ।विपद् उत्पन्न गर्ने प्रकोपजन्य घटनाको नियन्त्रण गर्न सकिँदैन, यद्यपि विपद् जोखिम न्यूनीकरण विधिलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न सकिएमा वा पूर्वतयारीसहितको विपद् जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिएमा जनधनको क्षति कम गर्न सकिन्छ । यस प्रक्रियामा जिल्लाका सबै सरोकारवालाको ध्यान आकर्षित गर्दै विभिन्न विपद्का कारणले प्रत्येक वर्षमा हुने व्यापक धनजनको क्षति र पिडित एवं विस्थापित लगायत प्रभावितहरुको लागि एउटा सहभागितामुलक योजना निर्माण गरी कार्यगर्नु आजको आबश्यकता हो । मनसुनको कारणले विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गरि मनसुन प्रतिकार्यलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ ।

यसै सन्दर्भमा सम्भावित विपद् जोखिम न्यूनीकरणकोलागि मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनालाई जिल्ला विपद् व्यवस्थापन समितिनवलपरासी (वर्दघाट– सुस्ता पूर्व)ले जिल्ला अगुवाई सहयोगी निकाय सहमति ससंस्था गैडाकोट र नेपाल रेडक्रसको सहयोगमा जिल्ला मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना-२०७९ तयार गरिएको छ, ।

## २.१ मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको साधारण उद्धेश्य

मनसुनको पूर्वतयारी गर्दै जिल्ला विपद् व्यवस्थापन समितिबाटहुने प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

## २.२. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्धेश्य

मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजनाबाट विपद् प्रतिकार्यलाई व्यवस्थित गर्नुको लागि निम्नानुसारको उद्धेश्य राखिएको छ ।

१. बाढी पछि उपलब्ध सीमित श्रोत र साधनको अधिकतम उपयोग गरी जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने प्रतिकार्य प्रभावकारी बनाउनु ।
२. प्रतिकार्य योजना कार्यान्वयन तथा समन्वयका लागि आवश्यकता पहिचान गर्ने, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापनसमिति लगायत सबै तहका संरचनाहरु संलग्न गराउन सहयोग गर्ने ।
३. बाढी तथा कोरोना प्रतिकार्यका लागि प्रभावकारी रुपमा सबै संरचना परिचालन गर्ने तथा जोखीम कम गर्ने।
४. जिल्ला विपद् व्यवस्थापन समितिबाट यस योजनालाई अनुमोदन गराई भैरहेकै बिकास योजनाको अभिन्न अङ्गका रुपमा ग्रहण गरी कार्यान्वयन गर्ने ।

## २.३ जिल्लामा बाढिले विगतमा पुऱ्याएको क्षतिको अवस्था

- बालीनाली तथा अन्य सम्पत्तिमा क्षति भएको
- बाढीले तल्लो तटियक्षेत्रमा केही दिनसम्म पानी जम्ने, सडक तथा पुलहरूमा क्षति,र पहाडी क्षेत्रमा पहिरोको कारण लामो समय सम्म बाटो अबरुद्ध भएको जसको कारण पारवहन र तथा सूचना पहुँचमा कठिनाई हुन सक्दछ ।
- पानीका कल र इनारहरू क्षति भई खानेपानी प्रभावित भएको ।
- व्यक्तिगत तथा सामुदायिकचर्पीहरू क्षतिग्रस्त ।
- खाना पकाउने इन्धनको अभाव भएको ।
- विद्यालयहरूमा क्षति भई पठन-पाठन कार्य अवरुद्ध ।
- मनसुनको सिजनामा विषालु च्याउको उपभोगको कारण समस्याश्रृजना भएको ।
- पुर्व पश्चिम राजमार्ग विस्तार भईरहेकोले राजमार्गको माथिल्लो क्षेत्रमा डुवानका, दाउन्ने क्षेत्रमा पहिरो को कारणले यातायत अबरुद्ध भएको ।
- कोभिड १९ को संक्रमणको कारण राहात तथा उद्धारमा कठिनाई तथा अन्यैल उत्पन्न भएको ।

## २.४ कार्य संचालन सन्दर्भ

यो योजनाको कार्यन्वयनको लागि निकायहरुको भूमिका तथा जिम्मेवारीमा तोकीए अनुसारको निम्न जिम्मेवारीको आधारमा हुने छ ।

| क्र.सं. | निकाय, कार्यालयको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>▪ खोज तथा उद्धार कार्यमा सुरक्षा निकाय परिचालन गर्ने<br>▪ आवश्यकता अनुसार क्षेत्रीय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिक) का लागि पहल गर्ने |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | ▪ समन्वयात्मक कार्यमा सहयोग गर्ने<br>▪ स्रोत (आर्थिक, भौतिक) परिचालन तथा समन्वय गर्ने |
| ३ | स्थानीय तह | नगर/गाउँपालिका प्रमुख | ▪ बिपद ब्यवस्थापनको योजना तर्जमा गरी कार्यन्वय गर्ने<br>▪ बिपद ब्यवस्थापनको लागि बजेट बिनियोजन गर्ने<br>▪ भवन संहिताको निर्माण गरी कार्यन्वयन गर्ने<br>▪ बिपद ब्यवस्थापनको सुचना प्रणाली र पूर्व चेतावनी प्रणालीको बिकाश गर्ने<br>▪ विपदमा हराएका वा नष्ट भएका कागजातको अद्यावधिक गर्ने |
| ४ | सुरक्षा निकाय | प्रमुख तथा प्रतिनिधि | ▪ मुख्यतः खोज तथा उद्धार कार्यको नेतृत्व गर्ने<br>▪ सुरक्षा व्यवस्था गर्ने<br>▪ विषयगत समितिमा रही सहयोग गर्ने |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुखहरू | ▪ समन्वय<br>▪ स्रोत संकलनमा सहयोग<br>▪ जनपरिचालन गर्ने |
| ६ | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ प्रवन्धकारी भूमिका निर्वाह गर्ने<br>▪ खाद्य तथा गैर खाद्य सामाग्रीको ब्यवस्थापन<br>▪ सूचना सङ्कलन तथा सवर्क्षणमा स्वयंसेवक परिचालन गर्ने<br>▪ विपदको समयमा आपत्कालीन आवास तथा बन्दोबस्ती (Logistic) व्यवस्थापनमा सहयोग गर्ने |
| ७ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | ▪ बिषयगत समितीमा रहि क्षेत्रगत अगुवाको भूमिका निर्वाह गर्ने<br>▪ सम्बन्धित कार्यालयको आपतकालिन योजना निर्माण गर्ने |
| ८ | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ सुख्खा तथा तयारी खाना जस्तै चिउरा, भुजा, बिस्कुट आदि, खाद्यसामग्री संकलन तथा व्यवस्थापनमा सघाउने |
| ९ | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहात तथा उद्धार कार्यका लागि यातायातका साधनहरु उपलब्ध तथा व्यवस्थापन गर्ने |
| १० | संचार माध्यम | सञ्चारकर्मीहरु | ▪ सूचना संकलन तथा सम्प्रेषण |
| १० | नागरिक समाज | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यमा सहयोग<br>▪ मानव अधिकारको संरक्षण तथा सम्वर्द्धनमा सहयोग |
| ११ | पेशागत व्यवसायी जस्तै : निर्माण व्यवसायी संघ | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग |
| १२ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ▪ मानवस्रोत परिचालन गर्ने<br>▪ स्रोत संकलनमा सहयोग गर्ने<br>▪ गै.स.स. बिच समन्वय<br>▪ क्षमता विकास तथा सहजिकरण गर्ने |

भाग–३

# जिल्लामा मनसुन जोखिम विश्लेषण

नवलपरासी (बर्दघाट–सुस्ता पूर्व) जिल्लामा रहेका गाउँपालिकाहरु तथा नगरपालिकाहरुलाई उपलब्ध स्रोत सामाग्री एवं तथ्याङ्कहरुको बिश्लेषण गरी मनसुनको कारण हुने सम्भावित जोखिमको आधारमा निम्नअनुसार स्तरीकरण गरिएको छ ।

### ३.१.१. उच्च संकटासन्न अवस्थामा रहेका गाउँपालिका तथा नगरपालिका

| क.सं. | गाउँपालिका/ नगरपालिका | बाढी | पहिरो |
|---|---|---|---|
| | | वडाहरु | वडाहरु |
| १ | हुप्सेकोट गाउँपालिका | वडा नं १जुकेपानीको पत्थर खोलाको किनार, वडा नं २ कोलिया, गुहेरी र भोटीखोला, वडा नं ३बेलहनी, गिरुवारी खोलाको किनार क्षेत्र वडा नं ४. टाँडी खेत, केरुगें खोला, माथिल्लो रुम्सी, चारघरे | वडा नं १ राम्चे, पाङ्ग्रेघाट,हर्दे बाघखोर, बसेनी,षतकोण, वडा नं २ पिपलडाँडा |
| २ | मध्यविन्दु नगरपालिका | वडा नं १.अरुणखोला, वडा नं २. गिरुवारी खोला, वडा नं ३. उल्टी खोला, वडा नं ४ नारायणी नदि तटिय बस्तीहरु | वडा नं १३ तथा १४ |
| ३ | देबचुली नगरपालिका | वडा नं १ घोक्रेता टोल, वडा नं २ केउरेनीः बौलाह खोला पुल देखी उत्तरका किनाराका बस्ती, दिव्यपूरी खानेपानी ट्याङकी भएको स्थान, देबचुलि गैडी क्षेत्र, वडा नं ३,५,६,१३,१५,१६ र १७ | |
| ४ | कावासोती नगरपालिका | वडाहरु १,३,४,५,६,१७ र १५ | |
| ५ | बिनयी त्रिबेणी गाउँपालिका | वडा नं १, २ | वडा नं १ र ६ |
| ६ | बुलिङटार गाउँपालिका | वडा नं २ | वडा नं ३ |
| ७ | बौंदीकालीगाउँपालिका | वडा नं ३,४,५ र ६ | |
| ८ | गैंडाकोट नगरपालिका | वडा नं २ को नारायणी किनार (अक्सफोर्ड कलेज क्षेत्र तथा बस्ती) | |

### ३.१.२ मध्यम संकटासन्न अवस्थामा रहेका गाउँपालिका तथा नगरपालिका

| क.सं. | गाउँपालिका/नगरपालिका | बाढी पहिरो | पहिरो |
|---|---|---|---|
| | | वडाहरु | वडाहरु |
| १ | हुप्सेकोट गाउँपालिका | | |
| २ | मध्यविन्दु नगरपालिका | वडा नं ७, ९, १० र ११ | |
| ३ | देबचुली नगरपालिका | वडा नं१ बौलाह खोला पुलदेखी दक्षिणका किनाराका बस्ती नारायणी तर्फ , वडा नं २, मुकुण्डे खोला किनार नारायणी तर्फ, मिर्तुङ्ग, कृतिपुर, वडा नं ७ टेक्रे नहर, सीतावास नहर, प्रगतिनगर खानेपानी भएको क्षेत्र, देबचुली खानेपानी लाइन भएको क्षेत्र, वडा नं ९ पृथ्वी नगर पुल नजिक, | मिर्तुङ्ग, कृतिपुर, कदम्पुरबाट बन्दीपुर सडक |
| ४ | कावासोती नगरपालिका | | |

| | | | |
|---|---|---|---|
| ५ | बिनयी-त्रिबेणी गाउँपालिका | वडा नं ६, ७ | वडा नं ७ |
| ६ | बुलिङटार गाउँपालिका | वडा नं १ र ३ | वडा नं ३ |
| ७ | बौंदीकालीगाउँपालिका | वडा नं ५ र ६ | वडा नं ३ र ४ |
| ८ | गैंडाकोट नगरपालिका | वडा नं ४ राजमार्गको उत्तर भाग र वडा नं ३ भोक्रो फाँट क्षेत्र | वडा नं ३ र १८ |

### ३.१.३ न्यून संकटासन्न अवस्थामा रहेका गाउँपालिका तथा नगरपालिका

| क.सं. | गाउँपालिका/नगरपालिका | बाढी पहिरो | पहिरो | महामारी | अन्य केही भए |
|---|---|---|---|---|---|
| | | वडाहरु | वडाहरु | वडाहरु | वडाहरु |
| १ | हुप्सेकोट गाउँपालिका | वडा नं ६ | | | |
| २ | मध्यविन्दु नगरपालिका | वडा नं १, ५ र १३ | | | आगलागी बन क्षेत्र |
| ३ | देबचुली नगरपालिका | वडा नं २ र १४ | | | |
| ४ | कावासोती नगरपालिका | वडा नं १,३,४,५,६,१७ र १५ | | | |
| ५ | बिनयी त्रिबेणी गाउँपालिका | वडा नं ३,४ | | | |
| ६ | बुलिङटार गाउँपालिका | वडा नं ५ र ६ | | वडा नं ५ र ६ | |
| ७ | बौंदीकालीगाउँपालिका | वडा नं १ र २ | वडा नं ४,५ र ६ | | |
| ८ | गैंडाकोट नगरपालिका | | वडा नं ३, १४ र १८ | | |

### ३.२ कोभिड–१९ को सन्दर्भः

यस बर्ष कोभिड १९ विरुद्धको खोप लागाउने काम निरन्तर भएको तथा बालबालिका बाहेक अधिकाशं मानिसलाई खोप लगाएको छ। वालबालिकाहरु लाई पनि खोप लगाउने सरकारको योजना रहेकोले अघिल्लो बर्षको तुलनामा यस बर्ष कोभिड १९ को जोखीम कम हुँदै गएको र नियन्त्रणमा रहेको अवस्था छ।

### ३.३ कोरोनाले समुदायमा पुर्‍याउने क्षतिको सम्भावना

यस वर्ष कोभिड १९ को जाखीम तुलनात्मक रुपमा कम भएको भएता पनि छिमेकी देश भारतमा केहि संख्यामा कोभड १९ को संक्रमण क्रमश पुन वढेको पाईएको छ। नेपाल संगको भातको खुल्ला सिमानको कारण जिल्लामा छिमेकी भारत बाट आवत जावत खुल्ला र अधिक हुने गरेको छ। यस जिल्ला पनि भारत संग सिमा जोडीएको कारण संक्रमण कुनै पनि बेला बढ्न सक्ने जोखीम भने रहेको छ।

### ३.४. जिल्लामा कोभिड–१९ को अवस्था र रोकथाम तथा नियन्त्रणका प्रयासहरु

कोरोना भाइरसको नयाँ भेरियन्टले तिब्र संकमण गर्ने र अझ बढि हानिकारक रहेको पाइएको छ। यसको नियन्त्रण र रोकथामकोलागि खोप नै प्रभावकारी भएकोले जिल्लामा धेरै जसो मानीसलाई खोप उपलब्ध गराई सकिएको छ। जसको कारण तुलनात्मक रुपमा यस बर्ष कम जोखीम महसुस गरिएको छ। तथापी विगतको अनुभव तथा सिकाईको आधारमा जिल्ला स्थित स्वास्थ्य कार्यलयको संयोजमा रोकथाम तथा नियन्त्रणको कामलाई निरन्तरता दिईएको छ।

भाग–४

# जिल्ला स्थित श्रोत साधनको आँकलन र आपतकालिन कार्ययोजना

### ४.१ जिल्ला तहमा उपलब्धहुन सक्ने श्रोतहरुको विवरणः

जिल्ला तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण जिल्लाका विभिन्न सरकारी कार्यलय एवं जिल्ला स्थित सरोकारवाला संघ संस्थाहरु बाट संकलन गरिएका सूचनाको आधारमा अध्यावधिक गरिएको हो । तालिकामा उल्लेखित सामाग्रीहरु सम्वन्धित निकाय वा संस्थामा मौज्दात रहने तथा नियमित प्रयोग रहने हुँदा विपदको समयमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय र आपसी समन्वयमा परिचालन हुने छ ।

| क्र.सं. | कार्यालय/ निकायहरु | उद्धार, तथा राहत सामग्रीहरु | भण्डारण स्थान |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | रिभर बोट थान १, टेन्ट १० थान, लाइफज्याकेट ६ थान । | कार्यालय परिसर भवनहरु |
| २ | जिल्ला प्रहरी कार्यालय | आपतकालीन सामग्री, लाईफ ज्याकेट ३० थान, हेलमेट ६ थान, तुरुन्त उपलब्ध हुनसक्ने जनशक्ति १०० जम्मा | जिल्ला प्रहरी कार्यलय परिसर र ईप्रका परिसर हरु |
| ३ | सशस्त्र प्रहरी बल, नं. ३१ गुल्म नवलपरासी व.सु.पू. | आपतकालीन सामग्रीहरु, र्‍याफ्ट बोट १ थान, भर्‍याङ्ग ५ थान,ड्रिल मसिन १ थान, पेट्रोल चेन आरा ४ थान, लाईफ ज्याकेट १६ थान, लगायतका अन्य सामाग्री सहित तुरुन्त उपलब्ध हुनसक्ने जनशक्ति ७५ जना, | स.प्र.बल नं. ३१ गुल्म,नवलपरासी व.सु.पू. |
| ४ | नेपाली सेना, नवलपुर | रवर बोट २ , काठको बोट ८, लाइफ ज्याकेट ५२ तुरुन्त उपलब्ध हुनसक्ने जनशक्ति ४६ जना, | नेपाली सेना, नवलपुर, |
| ५ | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द तनहु सर्म्पक कार्यालय, कावासोती | पशु उपचारका लागि औषधी व्यवस्था भएको, गाडी-१, मोटरसाईकल-१, तुरुन्त उपलब्ध हुनसक्ने जनशक्ति ८ जना | जिल्लामा मात्र |
| ६ | स्वास्थ्य कार्यालय | तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गर्न सकिने-१००, गाडी-१, मानव स्वास्थ्यका लागि औषधीहरुको व्यवस्था भएको | स्वास्थ्य कार्यालय, कावासोती |
| ७ | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय | गाडी-१, मोटरसाईकल-२, मानवस्रोत-१०, तारजाली-२७० | कार्यालय परिसर कावासोती |
| ८ | शिक्षा विकास तथा समन्वय इकाई | मोटरसाईकल-१, मानवस्रोत, आपत्कालीन आश्रयका लागि विद्यालय भवन उपलब्ध गराउन सकिने । | कार्यालय परिसर कावासोती |
| ९ | खानेपानी तथा सरसफाई डिभिजन (इकाई) कार्यालय | गाडी-१, मोटरसाईकल-२, मानवस्रोत, पानी शुद्धिकरणका लागि स्वास्थ्य शिक्षा र औषधी आवश्यकता अनुसार उपलब्ध गर्ने | कार्यालय परिसर कावासोती |
| १० | कृषि ज्ञान केन्द्र | मानवस्रोत-आवश्यकता अनुसार परिचालन गर्न सक्ने | कार्यालय परिसर कावासोती |

| | | | |
|---|---|---|---|
| ११ | नेपाल रेडक्रस सोसाईटी, जिल्ला शाखा | मानवस्रोत-६ जना, कपडाहरु सेट, कम्वल भाडाँहरु, बाल्टिन मग (१०० थान), आकस्मिक कोषको व्यवस्था, स्टेचर । | ८ गाउँ पालिका तथा नगरपालिका |
| १२ | पूर्वाधार विकास कार्यालय | गाडी २, मोटरसाइकल ३ मानवस्रोत आवश्यकता अनुसार परिचालन गर्न सकिन् | कार्यालय परिसर |
| १३ | उद्योग वाणिज्य संघ | आवश्यकता अनुसार राहत सामग्रीहरु उपलब्ध गराउन समन्वय गर्ने । | |
| १४ | डिभिजन बन कार्यलय | | |
| १५ | सहमति | गाडी-१, मोटरसाईकल-१, मानवस्रोत-१२ जना, ६० मिटरको त्रिपाल-९० रोल, वाटर कन्टेनर( १० लि)-२५०० थान | सहमति गोदम घर |

**नोट**: सबै बिषयगत क्षेत्रको नेतृत्व तथा सह-नेतृत्व गर्ने सरकारी तथा गैरसरकारी निकायहरुले आ-आफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित कार्य गर्दा कोरोना भाइरस (कोभिड-१९) बाट हुनसक्ने जोखिम तथा त्यसको महामारीलाई मध्यनजर गरि हरेक गतिविधिहरुलाई ऋचयकक ऋगततष्लन क्षककगभक का रुपमा लिई कार्य गर्नुपर्नेछ ।

## ४.२. स्थानीय निकायहरुमा विपद्को समयमा प्रयोग गर्न सकिने साधन तथा उपकरणको विवरण

विपद्को समयमा स्थानीय तहमा उपलब्ध हुनसक्ने साधन, स्रोतहरुको विवरण जिल्लाका आठ वटा पालिकाहरुबाट संकलन गरिएका सूचनाको आधारमा अद्यावधिक गरिएको छ जुन निम्नानुसार छ । उल्लेखित साधन तथा उपकरणहरु विपद्को समयमा आवस्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समिति संगको समन्वयमा स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय अनुसार प्रयोग गर्न सकिने छ ।

| क.सं. | कार्यालय, निकायहरु | उद्धार, तथा राहत सामग्रीहरु | सामग्री रहेको स्थान | परिचालनको लागि सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १ | गैंडाकोट नगरपालिका | एम्बुलेन्स २ थान, जिप २ थान, ट्रिपर १ थान, लोडर १ थान, ट्र्याक्टर १ थान | एम्बुलेन्स रहने अमरापुरी र नगर अस्पताल अन्य नगरपालिका को परिसर | एम्बुलेन्स ९८६३२७२७२४, ९८१०१८४५२८ अन्य उपकरणको लागि प्रमुख प्रसासकीय अधिकृत, ९८५७६६३९१११ |
| २ | देवचुली नगरपालिका | व्याक हो लोडर १ थान, टिप्पर १ थान, जिप २ थान, | नगर पालिकाको परिसर | प्रमुख प्रशासकीय अधिकृत (९८५७६४२१११) नगर विपद् फोकल पर्सन भिष्मराज पौडेल(९८४६३६७७२९) |
| ३ | कावासोतीनगरपालिका | दमकल १ थान, अन्य साधन २ थान | नगरपालिका परिसर | विपद् फोकल पर्सन, ९८५७०४१४११५ |
| ४ | मध्यविन्दु नगरपालिका | जिप २ थान, | | प्रमुख प्रशासकीय अधिकृत, ९८५७६४६१११ |
| ५ | विनयी त्रिबेणी गाँउपालिका | जिप १ थान, एम्बुलेन्स १ थान,ट्रेक्टर १ थान | एम्बुलेन्स रहने स्वास्थ्य चौंकी त्रिबेणी अन्य गाँउपालिका परिसरमा रहने | स्वास्थ्य चौंकी त्रिबेणी - ९८४६३७३१६६, प्रमुखप्रशासकीय अधिकृत, ९८५७०४६८६५ |

| | | | | |
|---|---|---|---|---|
| ६ | हुप्सेकोट गाँउपालिका | एम्बुलेन्स १ थान, व्याक हो लोडर १ थान, जिप १ थान | गाँउपालिका परिसर | प्रमुख प्रशासकिय अधिकृत, ९८५७०८७३०२ |
| ७ | बुलिङ्गटार गाँउपालिका | अग्नि नियन्त्रक सामाग्री १८ वटा | गाँउपालिका परिसर | प्रमुख प्रशासकीय अधिकृत,९८५७०७०१०७ |
| ८ | बौदिकालि गाँउपालिका | जिप १ थान, मो सा ५ थान | गाँउपालिका परिसर | प्रमुख प्रशासकीय अधिकृत ९८५७०४६२६४ |

## ४.३.मनसुन आपत्कालिन कार्ययोजना

| **क** | **जिल्ला प्रशासन कार्यालय अन्तर्गत** | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **क्रियाकलाप** | **जिम्मेवार निकाय** | **सहयोगी निकाय** | **समय** | **अनुगमन** |
| १ | जल तथा मौसम बिज्ञान बिभाग बाट पूर्व सूचना लिई मताहतका निकायलाई जानकारी दिने (नवलपुर क्षेत्रको बर्षात मापन केन्द्र वाट समेत जानकारी लिने) | जिल्ला /स्थानीय बिपद् व्यवस्थापन समितीहरु | जिल्ला प्रशासन कार्यालय, जल तथा मौसम बिज्ञान बिभाग, पत्रकार महासंघ, सशस्त्र प्रहरी बल,स्थानीय तहका प्रमुखहरु | निरन्तर | |
| २ | न्यूनतम उद्धार सामाग्री सहित खोज तथा उद्धारमा खटिनको लागि पूर्वतयारी योजना तयार पार्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल | जिल्ला प्रशासन कार्यालय | निरन्तर | |
| ३ | Heavy Equipment रणनीतिक स्थानमा राख्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल, सडक डिभिजन कार्यलय, पूर्वाधार विकास कार्यालय, स्थानीय तहहरु | जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय बिपद व्यवस्थापन समिति, निर्माण ब्यसायी संघ तथा उद्योग बाणिन्य संघ | जेष्ठ देखी असोज सम्म | |
| ४ | DEOC, LEOC तथा Cluster लाई Alert राख्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति | जेष्ठ देखी असोज सम्म | |
| ५ | राहत सामाग्रीको भण्डार अद्यावधिक र अनुगमन गर्ने | जिल्ला /स्थानीय बिपद् व्यवस्थापन समितीहरु | जिल्ला प्रशासन कार्यलय, स्थानीय तह र नेपाल खाद्यसंस्थान | निरन्तर | |
| ६ | विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण तथा अद्यावधिक गर्ने | जिल्ला /स्थानीय बिपद् व्यवस्थापन समितीहरु | बिषयगत क्षेत्रका अगुवाहरु | जेष्ठ महिनमा | |
| ७ | विपद् व्यवस्थापन कोषमा न्युनतम रकम राख्ने | जिल्ला /स्थानीय बिपद् व्यवस्थापन समितीहरु | स्थानीय सरकार, प्रदेश सरकार, संघिय सरकार तथा सहयोगी निकायहरु | निरन्तर | |
| ८ | सुरक्षा निकाय तयारी अवस्थामा रहने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी वल | जिल्ला प्रशासन कार्यलय | निरन्तर | |
| **ख** | **स्थानीय तह(नगर/गाउँ पालिकाहरु) अर्न्तगत** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | स्थानीय FM तथा पत्रिकाबाट मनसुन पूर्व सूचना प्रचार प्रसार गर्ने | नगरपालिका तथा गाउँ पालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिती, नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | जेष्ठ देखी असोज सम्म | |
| २ | मनसुन सम्बन्धि आवश्यक सतर्कता अपनाउने | नगर पालिका तथा गाउँ पालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिती, नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | जेष्ठ देखी असोज सम्म | |
| ३ | सम्भावित विपद् लगत्तै Data Collection र Response को लागि, कर्मचारी र स्थानीय स्वयम सेवक तयारी र परिचालन गर्ने | नगर पालिका तथा गाउँ पालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिती, नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | तत्काल | |
| ४ | न्यूनतम Logistic व्यवस्थापन गर्ने | नगर पालिका तथा गाउँ पालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिती, नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु | निरन्तर | |
| ५ | विपद् व्यवस्थापन कोषमा रकम राख्ने | नगर पालिका तथा गाउँ पालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिती, अ.÷गै.स.स., निजी क्षेत्र, नागरिक समाज÷मञ्च र नागरिक सचेतना केन्द्रहरु | निरन्तर | |
| | **स्वास्थ्य कार्यालय अन्तर्गत** | | | | |
| १ | पानीजन्य सरुवा रोग र महामारी फैलन नदिने | जिल्ला अस्पताल, अस्पतालहरु, प्राथमिक स्वास्थ्य चौकी, स्वास्थ्य चौकी | स्वास्थ्य कार्यालय, पालिका स्तरका स्वास्थ्य शाखा | निरन्तर | |
| २ | स्वास्थ्यकर्मीको परिचालन | स्वास्थ्य कार्यालय | स्थानीय तहहरु | तत्काल | |
| ३ | रोग हुने स्थान र व्यक्तिको निगरानी | जिल्ला अस्पताल, अस्पतालहरु, प्राथमिक स्वास्थ्य चौकी, स्वास्थ्य चौकी | स्वास्थ्य कार्यालय, स्थानिय तहहरु | निरन्तर | |
| ४ | क्वारेन्टाईन कक्ष तथा आईसोलेसन कक्ष निर्माण | स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, अस्पतालहरु, प्राथमिक स्वास्थ्य चौकी, स्वास्थ्य चौकी | स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय,स्वास्थ्य कार्यालय, स्थानीय तहहरु, सहयोगी निकायहरु | तत्काल | |
| ५ | स्वाब संकलन गरि परिक्षणका लागि पठाउने | स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, अस्पतालहरु | स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, जिल्ला जनस्वास्थ्य कार्यालय, स्थानीय तहहरु, सहयोगी निकायहरु | तत्काल | |
| ६ | औषधिको व्यवस्था | स्वास्थ्य कार्यालय | स्थानीय तहहरु | तत्काल | |
| **ग** | **शिक्षा बिकास तथा समन्वय इकाई अन्तर्गत** | | | | |
| १ | Communication Flow Chart तयारी | बिद्यालयहरु | स्थानीय तह | निरन्तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | आपतकालिन योजनाको निर्माण | बिद्यालयहरु | स्थानीय तह | निरन्तर | |
| ३ | ड्रिल सिमुलेशन | बिद्यालयहरु | स्थानीय तह | निरन्तर | |
| ४ | स्रोत व्यवस्थापन | बिद्यालयहरु | स्थानीय तह | निरन्तर | |
| ५ | मनोसामाजिक परामर्श | बिद्यालयहरु | स्थानीय तह | निरन्तर | |
| ६ | बिद्यालयको जोखिम नक्शांकन | बिद्यालयहरु | स्थानीय तह | निरन्तर | |
| **घ** | **कृषि/पशुसेवा अन्तर्गत** | | | | |
| १ | खाद्यान्न र तरकारी विउ मौज्दात (Stock) राख्ने | कृषी ज्ञान केन्द्र, स्थानीय तह, कृषी शाखा | स्थानीय विपद् व्यवस्थापन समिती | निरन्तर | |
| २ | पशुर्पक्षिको उपचार | भेटेनरी अस्पताल | स्थानीय तह | तत्काल | |
| ३ | बिभिन्न रोग बिरुद्ध भ्याक्सिन लगाउने | भेटेनरी अस्पताल | स्थानीय तह | निरन्तर | |
| ४ | मृत पशुपन्छीको व्यवस्थापन | भेटेनरी अस्पताल | स्थानीय तह | तत्काल | |
| ५ | दानाको व्यवस्थापन | भेटेनरी अस्पताल | स्थानीय तह | निरन्तर | |
| ६ | मलखादको व्यवस्थापन | कृषी ज्ञान केन्द्र, स्थानिय तह | स्थानीय तह, कृषी सहकारी | निरन्तर | |
| ६ | कृषी उपजको बजारीकरणमा सहजिकरण | स्थानीय तह | हाट बजार केन्द्र, कृषी उपभोक्ता सहकारी | निरन्तर | |
| | **खानेपानी तथा सरसफाई कार्यालय अन्तर्गत** | | | | |
| १ | पानी शुद्धिकरण गर्ने तरिका सम्बन्धी अभिमुखीकरण गर्ने | WASH Cluster | स्थानीय तह, स्वास्थ्य कार्यालय, खानेपानी उपभोक्ता संस्था | निरन्तर | |
| २ | खानेपानी शुद्धिकरणको लागि वाटर गार्ड, पिउस वितरण गर्ने | WASH Cluster | स्थानीय तह, स्वास्थ्य कार्यालय, खानेपानी उपभोक्ता संस्था | निरन्तर र बर्षात सुरु भएको लगत्तै | |
| ३ | विस्थापितहरूलाई हर्पिक, ब्रस, फिनेल, बाल्टिन, मग उपलब्ध गराउने | WASH Cluster | स्थानीय तह तथा गैससहरु | तत्काल | |
| ४ | विस्थापितहरूको लागि महिला र पुरुषको लागि छुट्टै शौचालय र स्नान गृह बनाउन | WASH Cluster | स्थानीय तह तथा गैससहरु | तत्काल | |
| ५ | प्रभावित विद्यालय, मदरसा, स्वास्थ्य केन्द्रमा चर्पि र पानीका कलहरूको मर्मत गरि सञ्चालनमा ल्याउने | WASH Cluster | स्थानीय तह र स्वास्थ्य कार्यालय | तत्काल | |
| **ङ** | **नेपाल रेडक्रस सोसाईटी** | | | | |
| १ | सुरक्षित तथा न्यूनतम मानवीयस्तरका आकस्मिक अस्थायी आवासको व्यवस्थापन गर्ने | नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु | स्थानीय तह तथा गैससहरु | विपदको १२ घण्टा भित्र | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | शिविर समन्वय तथा शिविर व्यवस्थापन गर्ने | नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु | स्थानीय तह तथा गैससहरु | विपदको १२ घण्टा भित्र | |
| ३ | घरायसी भाँडा-कुँडा तथा व्यक्तिगत स्वास्थ्यका लागि आवश्यक सामाग्रीहरु जस्तै साबुन, आदिको व्यवस्था गर्ने | नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु | स्थानीय तह तथा गैससहरु | विपदको १२ घण्टा भित्र | |
| ४ | विस्थापितहरूलाई सुरक्षित स्थानमा त्रिपालको व्यवस्था गरी अस्थायी बसोवास गराउने | नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु | स्थानीय तह तथा गैससहरु | विपदको १२ घण्टा भित्र | |
| ५. | बाढीमा बेपत्ता भएर फेला परेका मानिस प्रहरी तथा प्रशासन लाई बुझाउने, परिवारसंग मिलाउने र सोको अभिलेख राख्ने | नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु | स्थानीय तह, प्रहरी तथा सेना | निरन्तर | |
| ६ | प्राथमिक उपचार तथा स्वयंसेवक परिचालन | नेपाल रेडक्रस सोसाइटीका उपशाखाहरु | First Aid Voluteers, स्थानीय स्वास्थ्य चौकीहरु, जु.रे.स.हरु | तत्काल | |

## ४.४. मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना  कार्यन्वयनको ढाँचा

बाढी विपदको प्रकृति अनुसार विपदका तिन वटै अवस्था (बाढी पूर्व, गैरहेको बेला र पश्चात) मा र हाल बिश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण र त्यसबाट हुनसक्ने महामारीलाई मध्यनजर गर्दै सबै क्षेत्रगत निकायको समष्टिगत योजनालाई आधारमानी जिल्ला बिपद व्यवस्थापन समितिले मनसुन पूर्वतयारी योजना २०७७ तयार गरेको छ। हरेक गतिविधिहरुमा कोभिड १९ लाई मध्यनजर राख्दै पूर्वतयारी तथा प्रतिकार्यका कार्यहरु गरिने छ। जसलाई निम्न तिन तहमा अनुसार कार्यान्वयन गरिनेछ।

### ४.४.१. पहिलो तह  बाढी पूर्व (Pre-Flood-Preparation & Awareness):

बाढी व्यवस्थापनको लागी सुरक्षा निकायहरुलाई स्थानिय तह, तथा अन्य संघ संस्थामार्फत श्रोत साधन जुटाउने तथा जिल्लामा उपलब्ध साधन श्रोतको व्यवस्था मिलाइ पूर्ण र सक्षम तयारी तर्फ जोड दिइने कार्य गरिनेछ। यस तहमा गरिने कार्य विवरण निम्न अनुसार रहेको छ।

- ➢ बाढी प्रतिकार्यका उपायहरु जिल्लाका सम्बन्धित स्थानिय तह तथा संघ/संस्था सँगको सहकार्यमा जनजागरणको रुपमा प्रशिक्षण तथा प्रचार प्रसार गर्ने।
- ➢ बाढी पूर्बतयारीका लागि जिल्ला विपद् व्यवस्थापन समितिको पहलमा स्थानिय तह, सुरक्षा निकाय तथा जिल्लामा रहेका सरकारी कार्यालयहरु तथा जिल्लामा कार्यरत संघ/संस्थासँगको समन्वयमा नियमित आपसी छलफल गरी सहकार्यको लागि तयारी रहने।
- ➢ पत्रकार महासंघ, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस तथा विभिन्न मिडियाहरु सँग समन्वय गरी जनचेतनाका लागि सुचना समाचार प्रचार प्रसार निरन्तर गर्ने । जस्तैः तारजाली प्रयोग तथा बाँस, रुखविरुवा रोपी बाढी पहिरोको रोकथामको उपाय अपनाउने, अर्थिङ्ग प्रयोग गरी चट्याङ्गबाट जोगिने, स्वच्छता तथा सरसफाईमा ध्यान दिइ महामारीबाट बच्ने आदी।
- ➢ सुरक्षा निकाय सहित सवै सरोकारवाला निकायहरुले विपद सुरक्षा तलिम लगायत श्रोत साधन तयारी गर्ने र अत्यावश्यक सरसामान, उपकरण र वस्तुहरु परिस्थिति अनुसार तुरुन्त प्रयोग गर्न सकिने अबस्थामा राख्ने।
- ➢ बाढी विपद परेमा तत्काल उद्धार गरी प्रभावितहरुलाई राहत वितरण गर्ने उद्देश्यले जिल्लाका विकट स्थानहरुमा रहेको गा.पा./नेपाल रेडक्रस सोसाइटी/जिल्ला खाद्य डिपो तथा स्थानिय तहहरुमा तयारी खाद्य तथा गैर खाद्य वस्तुको भण्डारणको व्यवस्थापन गरिने।
- ➢ बाढीको घटना पछि क्षतिको विवरण, उद्धार तथा राहत समेत खुल्ने बिपद् लेखाजोखा मार्गदर्शन २०७२ पहिलो संशोधन २०७६

अनुसारका लेखाजोखा फारमहरु जिल्ला आपत्कालीन कार्य संचालन केन्द्रमा तयार गरी राख्ने ।

- ग्रामिण क्षेत्रका बिग्रिएका बाटाहरुको मर्मतका लागि सम्बद्ध निकायलाई अनुरोध गर्ने ।
- खोज तथा उद्धार सामाग्री सुरक्षा युनिटहरु, नेरेसोका स्थानिय तहहरु समेतमा मौज्दात गरी स्वयंसेवकहरुलाई प्रशिक्षित गर्ने ।
- जिल्लामा निर्माणाधिन सडक पुलहरुको निर्माण कार्य बर्षा अगावै सम्पन्न हुने नदेखिएका स्थानमा तत्काल नै बैकल्पिक मार्गको व्यवस्था गर्ने कार्य आगाडी बढाउने ।

### ४.४.२. दोश्रो तह : बाढी गएको अवस्था (During Flood)-Search & Rescue, Temporary shelter and Emergency relief):

जिल्लामा बाढी भईसकेको अवस्थामा सुरक्षा निकायहरु सहित सरोकारवाला सबै निकायहरु निम्न अनुसार परिचालन हुनेछ ।

- सुचनाको यकिन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा भएको पूर्व समन्वय अनुसार सुरक्षा निकायलाई मध्यनजर गर्दै सुरक्षा निकायहरु घटनाको प्रकृति अनुसार आवश्यक साधन श्रोतसहित तुरुन्त खटिने । साधन श्रोतको विवरण परिशिष्ट "ख" अनुसार रहेका छन ।
- बाढीको अवस्थालाई मध्यनजर गरी घाइते विरामीहरुको उद्धार कार्य साथै थप घटना हुन नदिने तर्फ आवश्यक कारवाही गरिने ।
- नेरेसोका तालीम प्राप्त स्वयंसेवक तथा जिल्ला जनस्वास्थ्य कार्यालयका कर्मचारीहरु मार्फत घाइते विरामीहरुलाई प्राथमिकताको आधारमा उद्धार तथा उपचार व्यवस्था मिलाइने ।
- खोज तथा उद्धार कार्यमा निष्पक्ष, इमान्दारी र विरामीहरुको प्राथमिकतालाई मध्यनजर गरिने ।
- घाइते, विरामी तथा विस्थापित परिवारहरुलाई व्यवस्थित गर्नको लागि क्यामप खडा गर्ने, विरामीहरुलाई अस्पताल लैजान एम्बुलेन्सका् व्यवस्था गर्ने तथा आवश्यक परेमा हेलीकप्टरको अवतरणका लागि हेलीप्याड (Landing Zone) पहिचान गर्ने वा निर्माण गर्ने ।
- बाढीले सडक अवरुद्ध भएमा सडक सुचारु गर्ने कार्यलाई प्राथमिकताका साथ तिव्रता दिइने । आवश्यक परेमा सवारी साधन डोजर,क्रेन आदी सरकारी कार्यालयहरु एवं यातायात व्यवसायी संघ तथा निर्माण व्यवसायी संघ मार्फत सहयोग लिइने ।
- बाढी पश्चात हैजा/झाडा पखाला फैलीएको अवस्थामा तुरुन्त सुरक्षा निकाय सहित जिल्ला अस्पताल तथा जनस्वास्थ्य कार्यालयबाट स्वास्थ्यकर्मीको टोली खटाई शुरुमै महामारी नियन्त्रण गरी फैलन नदिने उपायहरु अपनाइने
- बाढीको बिपद् परेको अवस्थामा सुरक्षा निकायहरु लगायत उद्धारकर्मीहरु निम्न वमोजिम परिचालित हुनेछन
- नेरेसो जिल्ला शाखा बाँकेले तयार गरेको बाढी आकस्मिक प्रतिकार्य योजनालाई समेत कार्यान्वयनमा ल्याईने छ ।

**कार्य (Task)**

- बाढीमा परेकाहरुलाई तुरुन्त उद्धार गर्ने ।
- सडक अवरुद्ध हो भने अवरुद्ध सडक यथासिघ्र संचालनमा ल्याउने ।
- प्राथमिकताका आधारमा घाइतेहरुको उपचार तथा अस्पताल लैजाने ।
- बिपद्को थप असरलाई कम गर्न प्रयत्न गर्ने ।

### ४.४.३. तेश्रो तह : बाढी पछि (राहत, पुर्नस्थापन तथा व्यवस्थापन) :

घटना घटिईसके पछि पिडाको अवस्थालाई न्यूनिकरण गर्न राहत वितरण लगायत पुर्नस्थापनाको कार्य सम्पादन गर्नु पर्ने अवस्था आउनु पर्ने हुदाँ जिल्ला विपद् व्यवस्थापन समिति मार्फत निम्न बमोजिम समन्वयात्मक तथा कार्यगत पहल गरिनेछ ।

- विपद व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण सरकारी निकाय, स्थानिय तह, संघ संस्थाहरुले विस्थापित तथा घाइतेहरुलाई गरिने मानविय सहयोग प्रमुख जिल्ला अधिकारी अध्यक्ष रहने जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नै सहयोग उपलव्ध गराउने व्यवस्था मिलाइने ।
- विस्थापित तथा घाइते विरामीहरुको समयमा नै उपचार गरी, प्रभावित क्षेत्रमा शान्ति तथा सुरक्षाको प्रत्याभूति गर्न मद्दत गरिने । घाइते विरामीहरुलाई अस्पताल लैजान मद्दत गरिने ।
- प्राथमिकताको आधारमा राहत वितरण कार्यलाई सुलभ र पारदर्शी वनाई कार्य सम्पादन गरिने ।
- उपलव्ध साधन र श्रोतले अधिकतम प्रयोग तथा परिचालन गरी आबश्यकतानुसार फिल्ड मेडिकल क्याम्पहरु संचालन गर्ने तथा समस्या ग्रस्त क्षेत्रमा महामारी फैलन नदिन चेतनामुलक प्रशिक्षण संचालन गर्ने ।
- पुर्नस्थापनको लागी संकलित राहत नपुग भएमा सरोकारवाला निकायसँग आव्हान गरी संकलन गरिने । दाताहरुलाई प्रभावितहरुको आवश्यकता अनुसार राहत दिन सुझाव दिइ जिल्ला बिपद् व्यवस्थापन समिति मार्फत एकद्धार प्रणाली अबलम्बन गर्ने ।

- <u>बिपद् लेखाजोखा मार्गदर्शन २०७२</u> पहिलो संसोधित २०७६ लाई सक्रिय बनाई तत्काल स्थानिय तहको नेतृत्वमा प्रारम्भिक द्रुत लेखाजोखा समुह गठन गरी लेखाजोखा गर्ने तथा बिपद्को प्रभाव क्षेत्र र समयको आधारमा अन्य लेखाजोखाका औजारहरुलाई सक्रिय बनाई क्षेत्रगत जिम्बेवारी दिईने छ । लेखाजोखा सम्वन्धि अनुशिक्षण प्राप्त ब्यक्तिहरुलाई जिम्वेवार दिईनेछ ।

## ४.५ समन्वयात्मक व्यवस्थापकिय तयारी (Coordination and Management) M

जिल्लामा हुने बाढी पुर्वतयारीका लागि सरोकारवाला सबै निकायहरुसँग समन्वय तथा छलफल गरी सबैले आ-आफ्नो तयारी निम्न अनुसार गरिने छ ।

- सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी वल नेपाल) ले उपलब्ध श्रोत साधन सहित बिनाशर्त खटिन सक्ने अबस्थामा रहने ।
- नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा, उधोग बाणिज्य संघ, गैरसरकारी संस्था महासंघ लगायत संघ/संस्थाहरुबाट उद्धारसँग सम्बन्धित श्रोतहरु जुटाई जिल्ला स्टक रोस्टर कायम गरिने ।
